# जयपृथ्वी नगरपालिका

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७८

**(जयपृथ्वी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७८।०६।०८ गते**

**तयार पार्ने**

जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालय,

बझाङ्ग

# जयपृथ्वी नगरपालिका

## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७८

**प्रस्तावनाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उप दफा २ (१) ले दिएको अधिकार प्रयोग गरी जयपृथ्वी नगरपालिकालले यो नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७८ बनाई लागु गरेको छ ।

## परिच्छे- १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम “नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७८” रहेको छ ।

ख. यो कार्यविधि जयपृथ्वी नगर कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागु हुनेछ ।

**२.परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क. “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख. “नगरपालिका” भन्नाले जयपृथ्वी नगरपालिकालाई सम्झनु पर्दछ ।

ग. “कार्यालय” भन्नाले जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ. “समिति” भन्नाले जयपृथ्वी नगरपालिकाको यस कार्यविधि बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

ङ. “नगर प्रहरी ” भन्नाले जयपृथ्वी नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

च) “भत्ता” भन्नाले जयपृथ्वी नगरपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

छ) “आर्थिक बर्ष” भन्नाले श्रावण १ गते देखि सुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

ज) “कार्यपालिका” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

झ) “नगरसभा” भन्नाले नगरपालिकाको सभा सम्झनु पर्दछ ।

ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ट) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

ठ) “जवान” भन्नाले नगर प्रहरी अधिकृत वाहेकका नगर प्रहरी जवान सम्झनु पर्दछ ।

ड) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्नेः-**

क) कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्नेछ ।

ख) कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

ग) कार्यविधिको बुंदा ३ (ख) को सम्बन्धमा नगर कार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरि सक्नु पर्नछ ।

# परिच्छेद- २

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४) नगर प्रहरी सेवाको गठन :**

नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

**५) नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :**

१) नगर प्रहरीको पद र तह नगर कार्यपालिकाले तोके बमोजिम रहने छ ।

२) नगर कार्यपालिकाले प्रत्येक पदको कार्यविवरण बनाउनेछ र त्यस्तो कार्यविवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व र जिम्मेवारी तथा अधिकार समेत उल्लेख गर्नु पर्नेछ ।

३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद-३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**६) नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार**

(१) नगरपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने ।

(२) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(३) स्थानीय स्तरमा हुने सभा समारोह परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा व्यवस्थापन सम्बन्धि काम गर्ने ।

(४) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन सम्बन्धि काम गर्ने ।

(५) नगर सरसफाई सम्बन्धि मापदण्ड कार्यान्वयन गर्ने ।

(६) न्यायीक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने ।

(७) सार्वजनिक, ऐलानी प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण सम्बन्धि कार्य गर्ने ।

(८) विपद व्यवस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(९) अनाधिकृत विज्ञापन तथा होर्डिङ बोर्ड नियन्त्रण सम्बन्धि कार्य गर्ने,

(१०) छाडा चौपायाको नियन्त्रण सम्बन्धि कार्य गर्ने,

(११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१२) सार्वजनिक आवागमनमा बाधा पुर्याइ राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अबरोध हटाउन लगाउने नमाने मा आफै हटाई र हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न पेश गर्ने ।

(१३) सार्वजनिक जग्गा , बाटो, मठ, मिन्दर, ढल, नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरिक्षण गर्ने । निर्माण गरेको देखेमा निर्माण कार्य रोक्का गरी कानुन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्रसहितको प्राविधिक शाखाको राय सहितको प्रतिवेदन कानुन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्यपदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडे गलेको चिज बस्तु विक्रि गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य गरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१६) रोगी वा कानुनले निषेध गरेका पशुपन्छी, जिवजन्तुहरु काटमार गर्न नदिने र यस्ता पशुपन्छी जिवजन्तुका माशु विक्रिवितरणमा रोक लाउने र अटेर गरेमा जफत गरी नस्ट गर्ने । साथै जरिवाना समेत गर्न राय साथ पेशगर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्बन्धि कारवाही गर्ने तथा मरेका जिवजन्तु समयमै गाडन लगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काट्न लागाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरी सँगको सहकार्यमा सरसफाई सुरक्षा र सामाजिक विकृती हटाउने कार्य गर्ने/गराउने ।

(२०) नगर कार्यपालिका समिति/उप समिति तथा आयोजनाबाट लागु हुने नीति, निर्णय, नियम र कानुन कार्यान्वयन गर्ने ।

(२१) इजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नविकरण गर्न लगाउने ।

(२२) जयपृथ्वी नगर क्षेत्रमा भित्ते लेखन, पोल ब्यानर, क्रस ब्यानर र विज्ञापन नीतिले निषेध गरेका विज्ञापन पचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्य लगायतका कार्यलाई प्रतिबन्ध लगाउने अटेर गर्नेलाई जरीवाना वा कारवाही गर्ने ।

(२३) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम अभ्यास आदी जस्ता कार्यमा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(२४) नापतौलका समाग्रीको चेकजाँच गर्ने, पसल व्यवसाय मुल्य सूची राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटेल, रेष्टुरेण्ट, गेष्टहाउस, पार्लर जस्ता गतिविधिहरुको निरिक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीका लागि पेश गर्ने ।

(२६) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृती जन्य क्रियाकलापमा रोक लगाउने ।

(२७) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतीका बजार व्यवस्था गर्ने । त्यस्तो व्यापारीको लगत राख्ने ।

(२८) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर रेडीयो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२९) शहरमा ध्वनी, ढुवाँ, प्रकाश अथवा कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(३०) दमकल, (Fire Brigade) सेवालाई २४ सै घण्टा चुस्त दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

(३१) विपद महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटि जाने ।

(३२) नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३) नगरपालिका अन्तर्गतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहीता समेत बहन गर्ने ।

(३५) नगर कार्यपालिकाले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने/गराउने ।

## पच्छिेद- ४

## तह विभाजन र पदपूर्ति

**७) नगर प्रहरीको दरबन्दी सृजना प्रक्रिया :**

१) नगरपालिका रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरुको सृजना तथा खारेजी नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

२) सृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सृजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण मौजुदा दरवन्दीले थप गरेको कार्यवोझ समाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक रुपमा पार्ने प्रभाव स्पष्ट गरी नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**८) नगर प्रहरीमा रहने पदहरु :**

क) नगर प्रहरीको देहाय बमोजिमका पदहरु रहनेछन ।

१) नगर प्रहरी निरिक्षक

२) नगर प्रहरी नायब निरिक्षक

३) नगर प्रहरी सहायक निरिक्षक

४) नगर प्रहरी बरिष्ट हवल्दार

५) नगर प्रहरी हवल्दार

६) नगर प्रहरी सहायक हवल्दार

६) नगर प्रहरी जवान

७) नगर प्रहरी रिक्रुट/सहयोगी

**८ (क) नगर प्रहरी शुरु नियुक्ति हुने पदहरु :**

१) नगर प्रहरी सहायक निरिक्षक

२) नगर प्रहरी जवान

३) नगर प्रहरी रिक्रुट/सहयोगी

**९) नियुक्ति गर्ने अधिकारी :** पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

१०) नगर प्रहरी जवानको सेवाको पदमा शत प्रतिशत खुल्ला प्रतियोगिता द्वारा पदपूर्ति गरिनेछ ।

११) खुला प्रतियोगिता द्वारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिता हुने पद मध्ये २० प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानि देहाय बमोजिमका उम्मेदवारका विचमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

क) महिला ६० प्रतिशत

ख) दलित ३० प्रतिशत

ग) आदीवासी/जनजाती १० प्रतिशत

**स्पष्टीकरण :**

(१) यस कार्यविधिको प्रयोजनका लागि महिला, आदिवासी, जनजाती र दलित भन्नाले आर्थिक र सामाजिकरुपमा पछाडी परेका महिला, आदिवासी, जनजाती र दलितलाई सम्झनु पर्छ ।

(२) उप बुंदा बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, आदिवासी/जनजाती र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम हुनेछ ।

तर त्यसरी नतोकिए सम्मका लागि जुनसुकै महिला, आदीवासी/जनजाती र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका समुदाय मानिनेछ ।

(३) बुंदा, (११) बमोजिम छुट्याइएका पदका लागि दरखास्त पेश गर्दा देहाय बमोजिमका प्रमाण संलग्न हुनु पर्नेछ ।

(क) आदिवासी/जनजातीको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी जनजातीका लागि नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाती भनि प्रमाणित भएको ।

(ख) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनि प्रमाणित भएको ।

(४) बुंदा (११) बमोजिम प्रतिशत निर्धारण गर्दा १ प्रतिशत भन्दा कम घातांक (फ्रयाक्सन) आएमा त्यस्तो घातांक जुन समुदायको हकमा आएको हो सो भन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(५) बुंदा (११) बमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उर्त्तिण नभएमा खुल्ला प्रतियोगिताबाट छनौट भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

**(१२) खुल्ला प्रतियोगिता भाग लिन सक्ने व्यक्तिहरु :**

नगर प्रहरी पदका लागि हुने खुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्ने छन ।

१) दरखास्त आव्हान भएको शुरु मितिमा १८ बर्ष उमेर पुरा भइ २६ बर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने बहालवाला नगर प्रहरी सहयोगीको हकमा ३० बर्ष ननाघेको ।

२) नगर प्रहरी सहायक निरिक्षक पदका लागि स्वीकृत विश्वविद्यालयबाट प्रमाण पत्र तह वा सो सरह उर्त्तिण र नगर प्रहरी पदको एस.ई.ई. वा सो सरह र नगर प्रहरी सहयोगीको लागि आधारभूत तह वा सो सरह उर्त्तिण गरेको ।

३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीति पार्टीको सदस्य नरहेको ।

५) मानवअधिकार र मानविय कानुनको उल्लंघनमा सजाय नपाएको ।

६) महिलाहरुका लागि घटीमा ५ फिट र पूरुषका लागि ५ फिट २ ईन्च उचाई भएको ।

७) छाती नफुलाउँदा ३१ ईन्ची र फुलाउँदा ३३ ईन्ची भएको ।

८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको ।

१०) नेपाली नागरिकताको प्रमाण पत्र पाएको ।

१३) **पदपूर्ति समिति :** नगरपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्न प्रकारको हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी- अध्यक्ष

(ख) योजना शाखा प्रमुख- सदस्य

(ग) प्राविधिक वा प्रशासन शाखा प्रमुख- सदस्य

(ग) नगर प्रहरी प्रमुख- सदस्य सचिव

नगर प्रहरीको नयाँ पदपूर्तिका लागि छनोट प्रक्रियमा नजिकैको प्रहरी/वडा प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गर्नुपर्नेछ । तर शुरु नियुक्तिका बेलामा नगर प्रहरी प्रमुख नियुक्त नभएको अवस्थामा आमन्त्रित नगर्न बाधा पुग्ने छैन ।

**१४) पदपूर्ति समितिको काम कर्तव्य र अधिकार :**

(१) पदपूर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्यविधिको बुंदा १२ बमोजिम पदपूर्तिका लागि प्रतिशत निर्धारण गर्ने ।

ख) खुल्ला प्रतियोगिता द्वारा पूर्ति हुने पदको पठ्क्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्ने र आवश्यकता अनुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिनेछ ।

ग) पदपूर्ति कार्यतालिका बनाउने ।

घ) परिक्षाको किसिम तोक्ने ।

ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

च) शाररीक तन्दुरुस्ती परीक्षा सञ्चालन गरी लिखित परीक्षाका लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

छ) नियुक्तिका लागि सिफारिस गर्ने ।

ज) लोकसेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनि तोकिएका पदपूर्ति सँग सम्बन्धित अन्य कार्य गर्ने ।

झ) पदपूर्ति समितिले नगर प्रहरी सेवा समुहको लागि खुल्ला प्रतियोगिता द्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

ञ) खुल्ला प्रतियोगिता द्वारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद १५ दिन राखी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ ।

**१५) योग्यताक्रम सूची तयार गर्ने :**

१) उम्मेदवारहरुले दिइएको परिक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति सम्झौताका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा २० प्रतिशत सम्म योग्यताक्रमानुसार बैकल्पीक उम्मेदवार राखीनेछ ।

२) कार्यविधि बुंदा १५ (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष पेश गर्नेछ ।

३) नियुक्ति/सम्झौताको लागि सिफारिस भएको मितिले ३५ दिन भित्र नगर कार्यपालिकाले नियुक्ति सम्झौता पत्र दिने निर्णय गरि सक्नु पर्नेछ ।

४) कार्यविधिको बुंदा १५ (३) बमोजिम निर्णय भएको मितिले ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनेछ

**१६) जेष्ठताक्रम कायम गर्ने :** (१) नगर प्रहरी जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेका अंक, कार्य सम्पादन मुल्यांकन र कार्यअवधिको आधारमा कायम गरिनेछ ।

२) बैकल्पीक उम्मेदवारहरुले एक बर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज गरिनेछ ।

**१७) परिक्षणकालमा राखिने :** (१) नयाँ नियुक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई एक बर्ष परिक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा

प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परिक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा छ महिना मात्र परिक्षणकाल रहनेछ ।

(२) कार्यविधिको बुंदा १७ (१) बमोजिम थप भएको परिक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति सम्झौता गर्ने अधिकारीले अवकास दिनेछ ।

**१८) नियुक्ति सदर :**

(१) कार्यविधिको बुंदा १७ (१) बमोजिमको परीक्षणकालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी आधारभूत तालिममा नेपालको राष्ट्रिय झण्डा छुवायर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सम्झौता सदर गरिनेछ ।

(२) कार्यविधिको बुंदा १८ (१) बमोजिम नियुक्ति सदर भएमा परिक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

## परिच्छेद- ५

## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

**१९) नगरपालिका प्रशासनको नियन्त्रण रहने :** नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन ।

**२०) नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने :** नगरपालिकाले नगर प्रहरी संगठन सँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नु पर्नेछ ।

**२१) कारवाही गर्दा परामर्श लिने :** कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासन हिनताको कारवाही गर्दा आवश्यकता अनुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद-६

## विदा

**२२) विदा अधिकारको कुरा होइन**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा लिने अधिकारीले आफ्नो तजविजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

**(३) विदाको किसिमहरु :** नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजिमका विदा पाउनेछन ।

१) भैपरी आउने र पर्व विदा

२) किरिया विदा

३) प्रसुती विदा

४) सट्टा विदा

५) प्रसुती स्याहार विदा

६) विरामी विदा

**२३) विदा स्वीकृत नगराई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :** (१) यस कार्यविधि बमोजिम विदा स्वीकृत नगराई बस्ने नगर प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन ।

(२) कार्यविधि (१) को उल्लंघन गरी गैर हाजिरी हुने नगर प्रहरी कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ । तर विदाको निकास नहुदै विदा बसी पछि सो गैर हाजिरी भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मानिने छैन ।

**२४) भैपरी/पर्व विदा :** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउनेछ ।

२) भैपरी/पर्व आउने विदा साधारणतया एक पटकमा २ दिन नबढाई लिन पाउनेछ ।

३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले बिदाको स्वीकृत लिई रहन नभ्याएमा विदा बसेपछि स्वीकृत गराए पनि हुन्छ ।

५) भैपरी/पर्व विदा बसेका नगर प्रहरी कर्मचारीहरुले पुरा तलब, भत्ता, रासन पाउनेछन ।

६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरु सँग मिलाई लिन पाइने छैन ।

**२५) किरिया विदा :**

१) नगर प्रहरी कर्मचारी आफै किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला कर्मचारीलाई पनि दिइनेछ ।

२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पुरा तलब, भत्ता र रासन पाउनेछ ।

**२६) प्रसुती विदा :** (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि ९८ दिन प्रसुती विदा पाउनेछ ।

(२) प्रसुती विदा बस्ने महिला नगर प्रहरी कर्मचारीले पुरा तलब, भत्ता र रासन पाउनेछ ।

(३) प्रसुती विदा सेवा अवधिभर २ पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

(४) उल्लेख भए अनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नु पर्नेछ ।

**२७) प्रसुती स्याहार विदा :** (१) प्रसुती स्याहार विदा सेवा अवधिभर २ पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

(२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सत्केरी हुनु भन्दा अघि वा पछि गरी १५ दिन प्रसुती स्याहार विदा लिन सक्ने छ । यो विदा सेवा अवधिभर २ पटक सम्म पाइनेछ ।

(३) प्रसुती स्याहार विदामा बस्ने कर्मचारीले पुरा तलब भत्ता र रासन पाउनेछ ।

(४) प्रसुती स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक वनाई राख्नु पर्नेछ ।

(५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्मदर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

**२८) सट्टा विदा :** कुनै पनि सार्वजजिक विदाको दिन ड्युटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्बन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा १ पटकमा ७ दिन भन्दा बढी हुने छैन । तर करार सेवामा नियुक्त नगर प्रहरी सेवाका कर्मचारीकोहरुको हकमा करारनामामा उल्लेख भए अनुसारको विदा मात्र पाउनेछ ।

**२९) विरामी विदा :** नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामी विदा पाउनेछ ।

**३०) विदा दिने अधिकारी :** देहायको विदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :

विदाको किसिम विदा स्वीकृत गर्ने अधिकारी

१) भैपरी आउने र पर्व विदा- नगर प्रहरी प्रमुख

२) किरिया विदा- प्रमुख प्रशासकीय अधिकृत

३) प्रसुती विदा - प्रमुख प्रशासकीय अधिकृत

४) सट्टा विदा- प्रमुख प्रशासकीय अधिकृत

५) प्रसुती स्याहार विदा- प्रमुख प्रशासकीय अधिकृत

६) विरामी विदा- प्रमुख प्रशासकीय अधिकृत

यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

**३१) विदा परिणत नहुने :** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसुती विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

**३२) सार्वाजनिक विदा गाभिने :** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचरीले सो विदा भुक्तान हुदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा बसेको मानिने छ ।

**३३) कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागिय सजाय समेत गर्न सक्नेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

**३४) विदा लिने विधि :**

(१) यस परिच्छेद बमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहीएको विदाको अवधि, कारण भए सो समेत खोली रितपूर्वकको लिखित दरखास्त आफु हाँजिर रहेको शाखा माफर्त विदा स्वीकृत

गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने छ । विदा स्वीकृत भए नभएको सम्बन्धित शाखा प्रमुखले सम्बन्धित कर्मचारीलाई दिनु पर्नेछ

२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले पस्थितिको विचार राखिकन मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।

३) भैपरी आउने विदाको सम्बन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपनियम (१) बमोजिम दरखास्त नदिए पनि आफ्नो तजविजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।

४) देहायमा लेखिए बमोजिमका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्त परेको मिति भन्दा अगाडि देखि पनि विदा बस्न पाउने गरी निवेदकलाई विदा दिन सक्नेछ ।

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृती लिई रहन सम्भव थिएन भने वा

(ख) पूर्व स्वीकृतीको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने

तर विदा बसी सकेपछि स्वीकृतीको लागि दरखास्त परेकोमा अस्वीकृती हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

**३५) विदाको अभिलेख :** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताब खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ ।

**३६) निकास लिन नभ्याएमा :** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्वीकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा वस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

**३७) गयल खाली जनाउने :** कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका प्रशासन शाखामा पठाई सकेपछि सम्बन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफु गयल परेको सूचना पाएको मितिले १५ दिन भित्र आफुलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्बन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रवितेदन व्यहोरा साँचो देखिन आएमा सम्बन्धित अधिकारीले विदा स्वीकृत गरी थमौटी गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

**३८) झुठो कारण देखाएमा सजाय हुने :** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुट्टा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसुती विदा लिई बसेको ठहरीएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागिय सजायको भागी हुनेछ ।

**३९) तालिम अवधिमा विदा बस्ने वारे :** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदावाहेक साधारणतया अरु विदा दिइने छैन ।

## परिच्छेद- ७

## आचरण

**४०) दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेत नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुंदैन ।

**४१) चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृती विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्न हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुदैन ।

**४२) स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने :** नगरपालिकालाई पूर्व सूचना नदिइ कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोवासको निमित्त चाहिने वाहेक आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन यदि खरिद गर्नु पर्ने भएमा जयपृथ्वी नगरपालिकाको स्वीकृती लिएर मात्र खरिद गर्न सक्नेछ ।

**४३) सम्पत्तिको विवरण दिनु पर्ने :** (१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो कार्यविधि लागु भएको तीन महिना भित्र वा प्रत्येक आ.व. शुरु भएको ६० दिन भित्र र नयाँ नियुक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले ६० दिन भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ ।

क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

ख) आफुसँग वा आफ्नो नाउँमा रहेको नगद, जुहारत, सुन, चाँदीको अन्दाजी मुल्य ।

ग) कार्यविधिको बुंदा ४३ को उपबुंदा १ बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारमो प्रमुखको नाममा निजसँग रहेको सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ ।

घ) आफ्नो सम्पत्ति थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारकिो कर्तव्य हुनेछ ।

**४४) व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुंदैन ।

१. कुनै व्यापार गर्न

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३. कुनै व्यवसाय चलाउन ।

**४५) नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनाधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुंदैन ।

**४६) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तवीक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुंदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रशारण गरेपछि जाहेरी गर्नु पर्दछ ।

**४७) नगरपालिकाको आलोचना :** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरबासीमा खलल् पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुंदैन ।

**४८) निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसै निमित्त मत माग्न वा अन्य कुनै प्रकारको प्रभाव पार्न हुंदैन ।

तर कसैलाई मत दिएको वा मत दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

**४९) राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुंदैन ।

**५०) समय पालना र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुंदैन ।

**५१) अनुशासन र आज्ञापालन :**(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धि कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकताकासाथ पालन गर्नुपर्दछ ।

३) नगर प्रहरी कर्मचारीले आफुभन्दा माथिका सबै अधिकृत प्रति उचित आदर देखाउनु पर्नेछ ।

**५२) नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धि कुरामा आफुभन्दा अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुंदैन ।

**५३) बहुबिवाह, बालबिवाह, अनमेल बिबाह प्रतिबन्ध :** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहावारीको महलको बिपरित हुने गरी बिवाह गर्नु गराउनु हुदैन ।

**५४. गोपनीयता कायम गर्ने :** नगर सुरक्षा तथा सम्वेदनसिल विषय र कानुनले तोकेका विषयमा गोपनीयता कायम गर्ने पर्नेछ ।

## परिच्छेद- ८

## सजाय र पुनरावेदन

**५५) सजाय :** उचित पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

३. तलब वृद्धि रोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने ।

५) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**५६) नसिहत दिने वा प्रतिकुल राय लेख्ने :** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटक सम्म नसिहत दिदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धि प्रतिवेदनमा प्रतिकुल राय लेखिनेछ ।

**५७) तलब बृद्धि वा पदोन्नति रोक्ने :** नगर प्रहरी कर्मचारीको का सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**५८) दर्जा र तलब घटाउने :** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा केही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएकोमा से समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहिनता गरेमा ।

ग) आचरण सम्बन्धि कार्यविधि उल्लंघन गरेमा ।

घ) नियुक्ति भएको पाँच बर्षभित्रै नोकरीबाट अलग हुन झुट्ठा कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**५९) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा ।

ख) राजनीतिमा भाग लिएमा ।

ग) वरावर अनुशासनहिनताको काम गरेमा ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) कर्तव्य पालनामा भएको अवस्थामा वा नरहेको अवस्थामा बर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा ।

च) भ्रष्टाचार गरेमा ।

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा ।

ज) आचरण सम्बन्धि नियमहरु वरावर उल्लंघन गरेमा ।

झ) मानसिव कारण नभई वा विदा नलिई विदा बसेवा वा गैरहाजिर भएमा ।

**६०) सजाय सम्बन्धि कार्यविधि :** (१) नगर प्रहरी कर्मचारीलार्य सजाय गर्ने अधिरकारी प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाईको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस कार्यविधि बमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरीकर्मचारीलाई सजाय दिनु पर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचना सम्म दिनु पर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्ने छैन ।

३) सजाय गर्नेअधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकताअनुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ ।

तर (क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाई तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव बृद्धि हुने भएमा समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु कुनै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यरी निलम्वन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

**६१) सजायको आदेश दिने :** जाँचबुझ्को काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टिकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टिकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**६२) सेवाको अन्त गर्ने :** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा कार्यविधि र यस कार्यविधि बमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

१) परीक्षणकालमा रहने गरीनियुक्ति भएकोमा नियुक्ति सदर नहुदै,

२) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्ट्रिले अनुपयुक्त ठहऱ्याएमा,

(३) यस नियममा अन्यत्र कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी कर्तव्य पालनामा खटिएको वेला वा विपद⁄प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र निजले ३ बर्ष सम्म खाईपाई आएको पुर तलब भत्ता पाउनेछ र

(४) नगर प्रहरी कर्मचारीको अशक्तता निर्धारण गर्न देहायबमोजिमका समिति रहने छन ।

१) प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

२) प्रतिनिध : चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल- सदस्य

३) नगर प्रहरी प्रमुख- सदस्य सचिव

(५) उपनियम (४) बमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारीको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्बन्धमा निर्णय गर्ने समेत अधिकार हुनेछ ।

**६३) उपचार खर्च :** (१) कुनै नगर प्रहरी कर्मचारी नियमित कार्यसम्पादनको सिलसिलामा विरामी भएमा औषधी उपचारको लागि देहाय बमोजिम भएको खर्चको रकम नगरपालिकाले उपचार खर्चवापत दिनेछ :-

क) अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको विल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदान सहितको प्रेशक्रिप्शन बमोजिमको खरिद गरेको औषधी खर्च ।

ख) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार (सर्जिक अपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको विल बमोजिमको खर्च ।

ग) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधी उपचार गराउादा त्यस्तो स्थान सम्म पुग्दाको र फर्कदाको विरामीको र कुरुवा चाहिने अवस्था भए एक जना करुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्चवापत निज विरामी नगर प्रहरी कर्मचारीको नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) कार्यविधिको बुंदा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी कर्मचारीको तमाम नोकरी अवधिभरमा स्थायी प्रहरी कर्मचारीहरुले अधिकृत स्तरको भए १२ महिना र सो भन्दा मुनिको पदको लागि १८ महिना वरावरको तलब रकम सम्म मात्र उपचार खर्च दिइनेछ ।

तर कार्यालयको कामको सुलसिलामा चाटपटक लाग्न गई घाईते भएको नगर प्रहरीको उपचार गर्न लागेको सम्पूर्ण खर्च वा नेपाल राज्यभित्र औषधी उपचार हुन नसक्ने भनी नेपाल सरकारद्वारा नियुक्त मेडिकल बोर्डले सिफारिस गरेको नगर प्रहरी कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई नगरपालिकाले उपचार खर्च र एक जना विरामी कुरुवाको खर्च समेत उपलब्ध गराउनेछ ।

(३) यस नियम बमोजिम पाउने उपचार खर्च कुनै नगर प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा कारण मनासिब देखिए कार्यविधिको उपबुंदा (२) को अधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सक्नेछ ।

(४) झुट्टा व्यहोरा पेश गरी नियमबमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारी उपर विभागिय कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकम समेत त्यस्तो नगर प्रहरी कर्मचारीबाट असुल गरिनेछ ।

## परिच्छेद- ९

## तलब, भत्ता

**६४) तलब भत्ता :** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलब भत्ता पाउनेछ। तलब र राशन भत्ता उपत्यकाको नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुनेछ। यसमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिकाले घटबढ गर्न सक्नेछ।

**६५) टाइम स्केल :** (१) टाइम स्केल अनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने समान्यतः स्केलमा लेखिएको न्युनतम तलब पाउने छ। र अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा नगरपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ। असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ।

**६६) तलब बृद्धि :** देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक बर्ष सेवा पुरा गरेपछि एक तलब ग्रेड बृद्धि पाउनेछ। तर नियुक्ति सदर पएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधिसमेत तलब बृद्धिको निमित्त जोडिनेछ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र

(ग) तलब बृद्धि रोक्का।

(घ) कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममका कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफु अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता र रासन पाउने छैन।

# परिच्छेद- १०

**६७) निमित्त भई काम गर्ने व्यवस्था :**

(१) एक महिना ननाघ्ने गरी कुनै कारणले नगर प्रहरी प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ।

**६८) एक पदमा एक व्यक्ति मात्र कायम मुकायम वा कार्यवाहक हुने :** कुनै एक पदमा एक समयमा एक भन्दा बढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन।

**६९) काम गरेको अवधिको तलब भत्ता :** (१) कुनै पदमा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन पाउनेछ। तर १५ दिन सम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र रासन दिईने छैन र १५ दिन भन्दा बढी अवधी कार्यवाहक वा निमित्त भई काम गरेमा पुरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरे वापत तलब भत्ता र रासन दिईने छ।

# परिच्छेद- ११

## तालिम

**७०) तालिमको व्यवस्था :** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन जयपृथ्वी नगरपालिकाले तोकिए बमोजिमको आवश्यकता अनुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

**७१) तालिम सञ्चालन हुने स्थान :** नगरपालिकाले तोकेको स्थानमा हुनेछ ।

**७२) तालिमको अवधि :** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि जयपृथ्वी नगरपालिकाले तोकेको पठ्यक्रम अनुसार हुनेछ ।

**७३) तालिमको अनिवार्यता :** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मेलित गराएको नगर प्रहरी कर्मचारीले लापरवाही देखाई आफ्नो व्यवसाय ज्ञान प्रति उदासिन्ता तथा गैर जिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाईनेछ ।

(२) व्यवसायिक तालिम हाँसिल गर्न उदासिन्ता देखाएको व्यहोरा अभिलेख जनाई सकेपछि निजहरुलाई पुन: एक पटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिन्ता र गैर जिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

**७४) तालिमको पाठ्यक्रम :** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ र सो समितिमा जिल्ला प्रहरी कार्यालयको प्रतिनिधिलाई आमन्त्रीत गर्न सकिनेछ ।

**७५) प्रशिक्षार्थीले पाउने सुविधा :** (१) जयपृथ्वी नगरपालिका वाहिरका प्रशिक्षार्थीलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) रासन पाउने नगर प्रहरी कर्मचारीहरुलाई बझाङ्गका नेपाल प्रहरी पाए सरह रासन र भत्ता पाउने छन ।

**७६) तालिम सफल भएमा :** देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परिक्षणकालमा रहेका अधिकृतहरु करारमा नियुक्तिका लागि सामान्यतया गोप्य हुनेछ ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार सेवामा नियुक्तिका लागि योग्य हुनेछन ।

**७७) समिति गठन हुने :** कार्यविधिको ७४ र ७५ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ । त्यस समितिले गरेको ठहर बमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ ।

**७८) प्रारम्भिक पोशाक :** (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने परिक्षार्थीहरुका लागि चाहिने प्रारम्भिक पोशाक जयपृथ्वी नगरपालिकाले दिनेछ ।

**७९) तालिममा समावेश गराउने संख्या :** नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा बाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरु तोक्ने छन ।

**८०) प्रशिक्षण भत्ता :** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

**८१) अतिथि प्रशिक्षकहरुको पारिश्रमिक :** नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

**८२) आन्तरिक तालिम :** एकै पटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारण तया समान अवसर प्राप्त हुने गरी तालिमको व्यस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद- १२

## पोशाक

**८३) नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**८४) प्रारम्भिक पोशाक र सामान :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**८५) जाडो मौसमका लागि दिईने पोशाक :** प्रत्यक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमका लागि पोशाक निशुल्क दिईनेछ । हरेक ३ बर्षको लागि १ सेट पोशाक उपलब्ध गराईनेछ ।

**८६) सेरीमोनियल पोशाक :** अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाकका लागि तोकिएको रकम उपलब्ध गराईनेछ ।

**८७) तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा :** नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दररेट बमोजिम सिलाई ज्याला दिइनेछ ।

**८८) नगर प्रहरीको पोशाक सट्टा भर्ना :** नगर प्रहरी कर्मचारलिाई मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा पुरानो भई काम नलाग्ने भगएमा नगर प्रहरी प्रमुखले पेश गरे बमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

## परिच्छेद- १३

## विविध

**८९) विभागीय आदेश र निर्देशन :** ऐन र कार्यविधिको परिधि भित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले कार्यकारी अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय ।

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय ।

(ग) मातहत कार्यालयको कार्यमा समन्वय ल्याउने विषय ।

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय ।

(ङ) विभागीय अनुशासन सम्बन्धि व्यवस्था ।

**(९०) पुरस्कार :** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कार्मचारीले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारहिरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध सिफारिस गर्न सक्नेछन :

**९१) चाडपर्व खर्च पाउने :** (१) नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब वरावरको रकम प्रत्येक बर्ष निजले मनाउने मुख्य चाडपर्व खर्चको रुपमा पाउनेछ ।

**९२) अन्य सुविधा तथा व्यवस्था** : (१) नगर प्रहरी कर्मचारीहरुलाई दिइने सुविधाहरु प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) हाल करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यविधि जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एक पटकलाई भागलिन उम्मेरको हद लाग्ने छैन ।

(३) यो कार्यविधि जारी भएपश्चात रिक्त नगर प्रहरी जवान पदमा खुल्ला विज्ञापन मार्फत पदपूर्ति गरेपछि सेवा करारमा कार्यविधि जारी हुदाको बखत कार्यरत वाहेक थप नगर प्रहरी राखिने छैन ।

**९३) बाधा अड्काउ फुकाऊ :** जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र सञ्चालन यस कार्यविधिमा व्यवस्था भएको हद सम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरी नियमावली २०७१ बमोजिम हुनेछ ।

**९४) कार्यविधि संशोधन :** यस कार्यविधिमा आवश्यक संशोधन जयपृथ्वी नगर कार्यपालिकाले गर्न सक्नेछ ।